# लोक सेवा आयोग

केन्द्रीय कार्यालय
अनामनगर,काठमाडौं

## प्रेस विज्ञप्ति

**सम्माननीय प्रधानमन्त्रीज्यूसमक्ष लोक सेवा आयोगका माननीय अध्यक्षको नेतृत्वको टोलीबाट शिष्टाचार भेट**

सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) ज्यूसमक्ष आज २०७३ साल कार्तिक ९ गते लोकसेवा आयोगका अध्यक्ष उमेशप्रसाद मैनाली, सदस्यहरु बिन्द्रा हाडा भट्टराई, डा. गोविन्दप्रसाद कुसुम, श्रीपुरुष ढकाल, ब्रम्हदेव राय र कृष्णचन्द्र झा तथा सचिव मधुप्रसाद रेग्मी सहितको टोलीले उहांकै सरकारी निवास बालुवाटारमा शिष्टाचार भेट गऱ्यो ।

भेटका अवसरमा अध्यक्ष मैनालीले लोकसेवा आयोगले संविधान तथा कानून प्रदत्त जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरिरहेको बताउदै नयां संविधानले आयोगको दायित्व र भूमिकामा बढोत्तरी गरेको र यसलाई सम्पन्न गर्न नयां कानूनको खांचो रहेको बताउनुभयो । नयां संविधान जारी भइसकेपछिको अवस्थामा आयोगको परिवर्तित जिम्मेवारी र भूमिका निर्वाह गर्न सजिलो हुने उद्देश्यले तयार गरिएको लोकसेवा आयोगको विधेयक संसदसमक्ष पेश भएको लामो समय व्यतीत भइसक्दा पनि पारित भइ नसकेको सन्दर्भमा उक्त विधेयकलाई छिटोभन्दा छिटो पारित गराउन नेपाल सरकारको सहयोगको लागि आग्रह गर्नुभयो ।

प्रत्युत्तरमा प्रधानमन्त्री दाहालले आयोगले योग्यता, स्वच्छता र निष्पक्षता जस्ता कर्मचारी भर्ना र नियुक्तिका सर्वमान्य सिद्धान्तहरुलाई अक्षुण्ण राख्दै आफ्नो जिम्मेवारी विश्वसनीय ढंगबाट निर्वाह गरिरहेकोमा प्रसन्नता व्यक्त गर्दै व्यवस्थापिका-संसदसमक्ष पेश भएको विधेयक शीघ्र पारित गराउनेतर्फ नेपाल सरकारको सक्दो प्रयास र सहयोग रहने विश्वास दिलाउनु भयो ।

मिति:-२०७३।०७।०९

(गीताकुमारी होमेगाई)
सहायक प्रवक्ता